
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २४ गते शुक्रबार ❑ 7 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सरकारको साझा कार्यक्रम: संविधानको पूर्ण कार्यान्वयनदेखि जनतालाई राहतसम्म

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको संवर्द्धन, संविधानको रक्षा, समस्यामा परेको अर्थतन्त्रलाई सुधार गर्नेलगायतका विभिन्न अवधारणा समेटिएको सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक भएको छ ।

साझा कार्यक्रम सरकारमा सहभागी भएका र गठबन्धनमा आबद्ध १० राजनीतिक दलको साझा अवधारणाका रूपमा आएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आज आयोजित समारोहमा गठबन्धनमा आबद्ध दलका शीर्षनेताको उपस्थितिमा १३ पृष्ठ लामो साझा कार्यक्रम सार्वजनिक गरिएको हो ।

कार्यक्रममा विभिन्न नौ बुँदामा सरकारको प्राथमिकता तय गरिएको छ । यस्तै संयुक्त सरकारका नीति तथा कार्यक्रममा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, आर्थिक नीति तथा कार्यक्रम, सामाजिक रूपान्तरण, गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचार, शान्ति प्रक्रियाको पूर्णता तथा सङ्क्रमणकालीन न्याय, तात्कालिक राहत, पुनःनिर्माण र पुनःस्थापना, पर्यावरणीय सन्तुलन तथा विपद् व्यवस्थापन, मुलुकको स्वाधीनता र राष्ट्रिय हितको संवर्द्धन, अन्तर्राष्ट्रिय सम्बन्धलगायतका विषयलाई महत्त्वका साथ समेटिएको छ ।

साझा नीति तथा कार्यक्रममा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराई, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, आम जनता पार्टीका अध्यक्ष प्रभु साह र राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसीले हस्ताक्षर गर्नुभएको छ ।

गत पुस १० गते गठन भएको प्रचण्ड नेतृत्वको वर्तमान सरकारले यसबीचमा दुईपटक प्रतिनिधिसभाबाट विश्वासको मत लिएको छ । तत्कालीन सत्ता साझेदार दल नेकपा (एमाले) लगायतका दलले सरकार छाडेपछि प्रतिनिधिसभाको सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसलगायतको संयुक्त सरकारले जनतालाई राहत दिने कार्यक्रमलाई महत्त्वका साथ साझा कार्यक्रममा समावेश गरेको छ । विपद् व्यवस्थापनदेखि सन्तुलित परराष्ट्र नीति, संविधानको रक्षा, नागरिकताको समस्या छ महिनाभित्र सम्बोधन गर्ने विषयलाई पनि उत्तिकै महत्त्व दिएको छ ।

साझा कार्यक्रममा दिगो शान्ति, आर्थिक रूपान्तरण र जनताको समृद्धिका लागि छिमेकीलगायत विश्वका सबै मित्र राष्ट्रहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ बनाउने तथा आपसी सहयोगका क्षेत्रहरू विस्तार गरी सहकार्य र अन्तरआबद्धतालाई बढावा दिन सत्ता गठबन्धनको संयुक्त प्रतिबद्धता रहेको छ । जलस्रोत नीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने र राष्ट्रिय हितमा जलस्रोतको द्विपक्षीय र बहुपक्षीय उपयोग गर्ने, वैदेशिक सहायतालाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्न कुनै पनि कसर बाँकी नराख्ने दृढता साझा कार्यक्रममा व्यक्त गरिएको छ । यस्तै राष्ट्रिय हित प्रतिकूल रहेका सन्धि-सम्झौताको पुनरावलोकन गर्ने र आवश्यकतानुसार नयाँ सन्धि-सम्झौता गरिनेछ । खाद्यान्न, पेट्रोलियम पदार्थलगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने, दुर्गम र पिछडिएको क्षेत्रमा नुन, चिनी, चामल, औषधिलगायत अत्यावश्यकीय वस्तु अभाव हुन नदिने सरकारको योजना छ ।

कर्णाली र मधेस प्रदेशलगायत मानव विकास सूचकाङ्क कम भएका क्षेत्रको विकासका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने, गर्भवती, सुत्केरी महिला र कुपोषणबाट प्रभावित बालबालिकालाई पोषणका कार्यक्रम प्रभावकारी बनाउन सरकार दृढसङ्कल्पित हुने भएको छ । ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, बाढीपहिरो, प्राकृतिक प्रकोपजस्ता विपद्को बेला सेवा प्रदान गर्न एयरएम्बुलेन्सको व्यवस्था गरिने भएको छ ।

सहिद तथा बेपत्ता परिवार, द्वन्द्वपीडित र विस्थापितलाई राहत, पुनःस्थापना र सहायताका लागि व्यवस्था मिलाउने विश्वास दिलाएको सरकारले विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरूलाई यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकालाई क्षतिपूर्ति र परिवारका कम्तीमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने भएको छ । सरकारी निकायबाट प्रवाह गरिने अनलाइन सेवा एकद्वार समाधान प्रणालीको अवधारणाअनुसार, सेवा प्रवाहको पहुँचलाई बढीभन्दा बढी सहज बनाउन एकीकृतरूपमा प्रदान गर्ने व्यवस्था मिलाउने र सो कार्यका लागि कार्यहरू विद्युतीय सुशासन आयोगमार्फत गर्ने सरकारको साझा कार्यक्रममा उल्लेख गरिएको छ ।

सेवाग्राहीलाई दिइने सेवा प्रवाहलाई सहज, सरल, छिटो-छरितो र झन्झटरहित बनाउन तथा जनतालाई लाइनको सास्तीबाट मुक्त गराउनका लागि नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, सरकारी अस्पताल, यात्रुवाहक सवारीसाधन, ठेकापट्टालगायतका सेवामा अनलाइन प्रणाली, टाइम कार्ड तथा टोकन प्रणाली लागू गर्ने भएको छ । यस्तो व्यवस्था हाल पनि कार्यान्वयनमा गइसकेको छ । सरकारले ई-बिडिङलाई थप प्रभावकारी बनाउँदै सरकारले प्रदान गर्ने सेवामा लाग्ने समय एकतिहाइले घटाउने गरी प्रशासनिक सुधार गर्ने लक्ष्य राखेको छ । विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिने विषयलाई उत्तिकै महत्त्व दिइएको साझा कार्यक्रममा त्यस्तो अधिकार सुनिश्चित गर्न कानून बनाउने भएको छ । विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्ने विषय लामो समयदेखि उठ्दै आएको थियो । त्यसका लागि गठबन्धनले पहिलोपटक कानूनी व्यवस्था गर्ने प्रतिबद्धता साझा कार्यक्रममार्फत व्यक्त गरेको हो । विद्यमान व्यवस्थाअनुसार हाल विदेशमा रहेका नेपालीले मतदान गर्न पाउँदैनन् । मुलुकमा सङ्घीयता कार्यान्वयनमा आएको लामो समय भए पनि केही ऐनको अभावमा पूर्णता पाउन नसकेको तथ्यलाई आत्मसात् गर्दै आगामी छ महिनाभित्र

## एमालेको प्रश्न, साझा न्यूनतम कार्यक्रम सदन बाहिर किन ?

**रासस**
काठमाडौं, २३ चैत

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले सरकारको साझा न्यूनतम कार्यक्रम संसद् अधिवेशन चालु रहेका बेला सदनबाहिर प्रस्तुत गर्ने कार्यले गम्भीर प्रश्न खडा गरेको प्रतिक्रिया दिएको छ ।

उक्त पार्टीका संसदीय दलका उपनेता सुवास नेम्वाङले प्रधानमन्त्रीलगायत सरकार संसद्प्रति उत्तरदायी बन्ने सुन्दर लोकतान्त्रिक पक्षलाई बेवास्ता गर्दै सदन चलिरहेकै समयमा सदनबाहिर त्यस्ता कार्यक्रम प्रस्तुत गरिनु गम्भीर चिन्ताको विषय भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "सरकारले के गऱ्यो भन्नेबारे प्रतिनिधिमूलक संस्था संसद्ले थाहा पाउनुपर्छ, सदन चलिरहेको छ, सरकारले बिजनेश दिन सकेको छैन, संसद्लाई बेवास्ता गरिएको छ, साझा कार्यक्रम संसद्ले थाहा पाउन पर्ने होइन ? यस विषयमा सरकार चुकेको छ ।"

सरकारले न्यूनमत साझा कार्यक्रम प्रस्तुत गरेको विषय सञ्चार माध्यमबाट थाहा पाएको बताउँदै उपनेता

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकीका श्रष्टाको जीवनी तयार पारिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

गण्डकी प्रज्ञा प्रतिष्ठानले यसवर्ष गण्डकी प्रदेशका विभिन्न जिल्लाका २८ श्रष्टाको व्यक्तिगत जीवनी तयार पारेको छ । प्रतिष्ठानले स्थापनाको दोस्रो वर्ष पूरा हुन लागेको अवसरमा श्रष्टाको जीवनी तयार गरेको हो ।

स्रष्टाहरु डा रविलाल अधिकारी, तीर्थ श्रेष्ठ, यादवचन्द्र भुर्तेल, दुर्गा बराल वात्स्यायन, काजी रोशन, प्रेम छोटा, जीवन शर्मा, खड्ग गर्बुजा, शान्ति नारायण श्रेष्ठ, इन्द्र विकल्प, सुन्दरकुमार जोशी, डा कुशुमाकर न्यौपाने, अम्बर गुरुङ, पुरुषोत्तम न्यौपाने, आलोक गुरुङ, पृथ्वीनारायण श्रेष्ठ, माया गुरुङ, कृष्ण गुरुङ, डा बमबहादुर जिताली, रोशन गुरुङ, रामचन्द्र घिमिरे शास्त्री, आलोक श्री, धोज गुरुङ, बुद्धिप्रसाद गुरुङ गौरी, गोविन्द विनोदी, अम्बर विरही गुरुङ, पुष्परत्न महतो लगायतका श्रष्टाको जीवनी तयार प्रतिष्ठानले गरेको प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार अझै केही श्रष्टाको जीवनी सङ्कलन हुने क्रममा रहेको र सम्पादनपछि सबै श्रष्टाका जीवनी 'बेवसाइट'मा राखिनेछ । प्रतिष्ठानले गण्डकी प्रदेशको नाट्य क्षेत्रलाई लक्षित गरेर 'गण्डकी नाट्यदर्पण' प्रकाशन गरेको प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार दुईसय पेजको यो पुस्तकमा गण्डकी प्रदेशका ११ वटै जिल्लाको नाट्य गतिविधिको इतिहास र वर्तमान अवस्थाको बारेमा उल्लेख गरिएको छ । गण्डकी प्रदेशमा सामुदायिक नाट्यचेतको अवस्था बारेको जानकारीसँगै नाट्य क्षेत्रमा स्थापित बनेका नाट्यकारको अन्तर्वार्ता पुस्तकमा समावेश गरिएको उहाँको भनाइ छ । प्रतिष्ठानले झलकमान गन्धर्व सारङ्गी पाठशालासँगको सहकार्यमा २५ जनालाई सारङ्गी प्रशिक्षण सुरु गरेको छ । योसँगै प्रतिष्ठानले स्रष्टा स्वास्थ्य बीमा कार्यक्रमको समेत थालनी गरेको छ । सम्मर गायक र चन्द्रमणि अधिकारीलाई स्वास्थ्य बीमाको फायल हस्तान्तरण गरेर कार्यक्रमको औपचारिक सुरुआत गरेको छ । यस वर्ष दुई सय श्रष्टाको स्वास्थ्य बीमा गर्ने तयारी गरिएको छ । त्यसैगरी प्रतिष्ठानले परम्परागत गीत संरक्षणकोसमेत सुरुआत समेत गरेको छ । यस अर्न्तगत गर्न्धव जातीको तरबार गीत विमोचन भएको छ । बाह्मणको बालन, गुरुङहरुको मृत्यु संस्कार मात्र बजाइने गीत र मगरको कालीगण्डकीमा मात्र जीवित रहेको गीतलाई तयार पारेर सङ्ग्रह गरिएको जनाइएको छ ।

प्रतिष्ठानले आगामी वैशाखमा आफ्नो दोस्रो स्थापना दिवससमेत भव्य रुपमा मनाउने तयारीसहित विभिन्न कार्यक्रम गरिरहेको गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रममा गण्डकी प्रदेशका कला साहित्य सङ्गीत तर्फका श्रष्टालाई नगदसहित सम्मान गरिने छ । यससँगै अन्य केही प्रशिक्षण कार्यक्रमसमेत प्रतिष्ठानले गर्न लागेको उहाँले जानकारी दिनुभयो ।

## आजदेखि निर्वाचन आचारसंहिता लागू हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत


शुक्रबारदेखि प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि आचारसंहिता लागू हुनेभएको छ । निर्वाचन आयोगले चितवन, बारा र तनहुँ जिल्लाभर यही चैत २४ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था लागू गर्ने निर्णय गरेको हो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भोलि शुक्रबारदेखि आचारसंहिता लागू गर्ने निर्णय गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । आगामी वैशाख १० गते चितवन क्षेत्र नं २, बारा क्षेत्र नं २ र तनहुँ क्षेत्र नं १ मा उपनिर्वाचन हुँदैछ । सङ्घीय सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेशका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारीलाई आचारसंहिता लाग्ने आयोगले जनाएको छ ।

यस्तै सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मीलगायतले आचारसंहिताको पालना गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ ।

निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, र वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदारलाई आचारसंहिता लाग्ने प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

आचारसंहिता अवधिभर तोकिएका निकाय, अधिकारी तथा व्यक्तिले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, स्वीकृति गर्न वा सञ्चालन गर्न, कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने, कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्ता पदमा नियुक्त गर्न नहुने आचारसंहितामा उल्लेख छ ।



# स्याङ्जाको समृद्धिमा सधैं साथमा रहनेछु : प्रदेश सांसद तिवारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ चैत

गण्डकी प्रदेशका सांसद कल्पना तिवारीले स्याङ्जाको समृद्धिमा सधै साथमा रहने बताएकी छन् । मनकामना मन्दिर व्यवस्थापन समितिको आयोजना र मनकामना मितेरी युवा क्लवको व्यवस्थापनमा भएको मनकामना चैते दशैं मेला २०७९ को उद्घाटन गर्दै सांसद तिवारीले जिल्लाको विकासमा हातेमालो गर्दै अगाडी बढ्ने विश्वास दिलाउदै सधै स्याङ्जावासी जनताको साथमा रहने बताएकी हुन् । स्याङ्जा धार्मिक, सांस्कृतिकरुपले पहिचान बनाएको जिल्लालाई यसको संरक्षण र सम्वर्द्धनमा टेवा पुग्ने काम गर्नुपर्ने सांसद तिवारीले बताइन् । विकासमा राजनीति नगरी समग्र स्याङ्जालाई उज्यालो जिल्लाको रुपमा चिनाउन सबै लाग्नुपर्ने सुझाव सांसद तिवारीको छ ।



तिनैतहका सरकारले जनताकै सेवा र विकासलाई महत्व दिनुपर्ने धारणा राख्दै सांसद तिवारीले विकासमा राजनीति भयो भने हामीले बोकेको समृद्धि नहुने बताइन् । बिरुवा गाउँपालिका धार्मिक रुपले जोडिएको पालिका भएकोमा जोड दिदै तिवारीले एतिहासिक धार्मिक पिठको रुपमा रहेको मनकामना मन्दिरलाई अझै विकासोन्मुख बनाउन आफ्नो तर्फबाट पहलकदमी हुने बताईन् ।

वालिङ त्रियासी देखि रत्ने, एलादी मनकामना हुदै बिरुवाबाट पोखरा र तनहुँ जोड्न सकिने सडकलाई छिट्टै कालोपत्रे गरी आवतजावतमा सहजता दिलाउन आफ्नो तर्फबाट पहल हुने बताइन् । नयाँ बन्न लागेको गण्डकी प्रदेश सरकार नेपाली काँग्रेसको नेतृत्व बन्ने बताउदै नेपाली काँग्रेसका गण्डकी प्रदेश उपसभापति समेत रहेकी सांसद तिवारीले त्यसपछि विकासका कामहरु धमाधम अगाडी बढ्ने बताइन् ।

कार्यक्रममा बिरुवा गाउँपालिकाका अध्यक्ष सुर्य कुँवर, नेपाली काँग्रेस स्याङ्जा क्षेत्र नम्वर १ प्रदेश १ का सभापति ध्रवविक्रम खाँण, नेपाली काँग्रेस बिरुवा गाउँ गाउपालिका सभापति डिआर पोखरेल, समाजसेवी चौबहादुर गुरुङ, नेपाली काँग्रेस प्रदेश प्रतिनिधि भिमप्रसाद पंगेनी, वालिङ उद्योग वाणिज्य संघका सदस्य अशोक तिवारी लगायतले चैतेदशै मेलाले यो क्षेत्रको पहिचान जोगाउदै आएको बताए ।

मेलामा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिएको थियो । बडादशैको पुर्णिमा र चैतेदशैमा लामो समयदेखी मनकामना मन्दिर परिसरमा मेला लाग्दै आएको छ। यसैको निरन्तरता दिदै मन्दिर व्यवस्थापन समितिले मेला आयोजना गरेको अध्यक्ष मेखराज गुरुङ्ले जानकारी दिए । विभिन्न खेलकुद प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्तत्वना हुने खेलाडीहरुलाई नगद, शिल्ड र प्रमाणपत्र सहित पुरस्कृत गरिएको क्लवका सचिव वेदकुमार गुरुङ्ले बताए ।



चित्र कोर्दै विदेशी कलाकारः
पोखराको फेवाताल किनारमा चित्र कोर्दै विदेशी कलाकार । तस्बिरः रामबहादुर थापा/रासस

# एमालेको...

नेम्वाङले विसं २०६२/६३ को आन्दोलनपछि जनताले जनताका लागि पूर्णअधिकार सम्पन्न तुल्याउन भइरहेको संसदीय अभ्यासलाई छलेर गरिने यस्ता कार्यले लोकतन्त्रलाई बलियो तुल्याउन नसक्ने विचार प्रकट गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले सदनको अबको पहिलो बैठकमै सदन बाहिर साझा कार्यक्रम प्रस्तुत गर्नु पर्नाको कारण र औचित्यबारे जानकारी गराउनुपर्छ, हामी त्यो माग गर्छौं ।" प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित विशेष समारोहलाई सम्बोधन संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गर्नुभएको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले सरकारमा रहेका पूर्ववर्ती दल र अन्यको धारणा समेटिएकाले सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमलाई राष्ट्रिय सहमतिको दस्तावेजका रूपमा चित्रण गर्नुभयो । उहाँले भन्नुभयो, "यो राष्ट्रिय सहमतिको साझा न्यूनतम साझा कार्यक्रम भन्न सकिन्छ । यो सबैको साझा कार्यक्रम हो ।"

# सिता एण्ड सन्स् पोखराले चित्रकला प्रतियोगिता गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

पोखरा न्यूरोड स्थित ईलेक्ट्रोनिक्स पसल सिता एण्ड सन्स्को आयोजनामा पोखरामा बृहत चित्रकला प्रतियोगिता हुने भएको छ ।

पोखराका अनुभवी कलाकारहरुको समुह सृजनशील कलाकार समुहको संयोजकत्वमा बृहत कास्की जिल्ला स्तरीय अन्तर मा.वि. चित्रकला प्रतियोगिताको आयोजना हुने भएको हो ।

आउँदो वर्ष २०८० साल बैशाख २२ गते बुद्ध पूर्णीमाका दिन, विश्व शान्ति र प्रेम शीर्षकमा पोखरा-७ स्थित श्रीकृष्ण मा.वि.को प्रङ्गणमा सो प्रतियोगिता संचालन हुनेछ ।

उक्त कार्यक्रमलाई विभिन्न इलेक्ट्रोनिक्स कम्पनी र सोका ब्राण्डहरुले पुरस्कारका रुपमा सहयोग गर्ने साथै स्थानीय संघ संस्था र व्यवसायीहरुको समेत सक्रिय सहभागिता रहनेछ ।

# साझा न्यूनतम कार्यक्रम राष्ट्रिय सहमतिको दस्तावेज

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आज सार्वजनिक सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमलाई राष्ट्रिय सहमतिको दस्तावेजका रूपमा चित्रण गर्नुभएको छ ।

संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले यसमा सरकारमा रहेका पूर्ववर्ती दल र अन्यको समेत धारणा समेटिएकाले यो राष्ट्रिय सहमतिको दस्तावेज भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो राष्ट्रिय सहमतिको साझा न्यूनतम साझा कार्यक्रम भन्न सकिन्छ । यो सबैको साझा कार्यक्रम हो ।" उहाँले साझा नीति तथा कार्यक्रमलाई प्रधानमन्त्री, मन्त्री, कर्मचारी प्रशासन सबैले इमान्दार भएर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। नेपाली जनताले हामीबाट ठूलो आशा र अपेक्षा गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसलाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यान्वयनमा सबै गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

अघिल्लोपटक गठबन्धन सरकारले पनि यस्तै नीति तथा कार्यक्रम तय गरेको र त्यसलाई कार्यान्वयनमा लगेको उल्लेख गर्दै प्रधानमन्त्रीले आज सार्वजनिक नीति तथा कार्यक्रमलाई पनि पूर्णरूपमा कार्यान्वयन गरिने दृढता व्यक्त गर्नुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "साझा कार्यक्रम विकसित र परिमार्जित भएर आएको छ । तत्कालीन सात राजनीतिक दलको नीतिगत प्राथमिकतालाई अध्ययन गरेर त्यसमा भएका सबै राम्रा कुरालाई व्यवस्थित र परिमार्जितरूपमा यो नीति तथा कार्यक्रम बनेको छ ।"

# सरकारको...

प्रदेश प्रहरी समायोजन गर्ने भएको छ । प्रदेश सरकारलाई सबल बनाउनका लागि प्रदेश सरकारको समन्वयमा सो काम अगाडि बढाउने भएको छ ।

लामो समयदेखि पूर्णरूपमा वितरण हुन नसकेको सवारी चालक अनुमतिपत्र सबै प्रदेशबाट तथा राहदानी सबै जिल्लाबाट सहजरूपमा उपलब्ध गराउन सरकारले सबै उपाय अवलम्बन गर्ने भएको छ । सार्वजनिक काममा सेवाग्राहीले नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र दुवै बुझाउनुपर्ने दोहरोपनालाई मापदण्ड बनाई हटाउने, एउटै काममा धेरै कागजात बुझाउनुपर्ने झन्झट हटाउन राष्ट्रिय परिचयपत्रमा व्यक्तिको सम्पूर्ण विवरण समावेश गरी पालिकाहरूबाट वितरण गर्ने व्यवस्था गरिने भएको छ ।

# पोखरा महानगर वन महासंघको अध्यक्षमा भुजेल

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

सामुदायिक उपभोक्ता महासंघ नेपाल पोखरा महानगरको आज सम्पन्न दोश्रो अधिवेशनले कमलकुमार भुजेलको अध्यक्षमा १७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयान गरेको छ ।




विधान अनुसार पदाधिकारी सहित ५० प्रतिशत महिला सहभागिता हुनु पर्ने महासंघको सो अधिवेशनले उपाध्यक्षमा भरत आचार्य, सचिवमा सिता सापकोटा, कोषाध्यक्ष जमुना सुवेदीलाई निर्वाचित गरेको छ ।

समितिको सदस्यहरुमा नारायणी चापागाई, टंकप्रसाद सुवेदी, भोलानाथ त्रिपाठी,घनश्याम कुँवर, ममता कोइराला, ज्योति पौडेल, चिनादेवी लामिछाने, बिष्णु सुवेदी, भिमबहादुर गुरुङ, गंगादेवी भण्डारी, हरिमाया गिरी, मनु वस्नेत र सनत कुमार बराल रहनु भएको छ । त्यसैगरी हरिप्रसाद बास्तोला, दिनेश श्रेष्ठ, जितबहादुर बस्नेत र रामचन्द्र त्रिपाठी, सुनमाया नेपाली, शिवकुमारी खनाल पौडेल, पार्वती सुवेदी र चिनादेवी लामिछानेलाई प्रदेश प्रतिनिधि चयन गरेको अधिवेशनले मेघनाथ पराजुली, रमेश विश्वकर्मा, कमलमणी त्रिपाठी, विश्वनाथ लामिछाने र पार्वती सुवेदी,शोभा आचार्य र मिरा अधिकारीलाई जिल्ला प्रतिनिधिमा निर्वाचित गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले अधिवेशनको उद्घाटन गर्दै महिला वर्गको नेतृत्व विकासमा वन महासंघ कोश ढुङ्गा सावित भएको उल्लेख गर्नुभयो । अर्का केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले पाँच दशक अघि स्वीडेनको स्टकहोममा भएको विश्व वातावरण सम्मेलनले नेपालमा उच्च वन विनास भएको कारण मरुभूमी हुने निश्कर्ष सहितको प्रतिवेदनले सामुदायिक वनको प्रकृया थालनी भएको चर्चा गर्नुभयो । सरकार र कर्मचारीबाट वनको विनाश नरोकिने अवस्था श्रृजना भएसंगै सम्वन्धीत स्थानीय समुदायलाई हस्तान्तरण गर्ने अवधारणा अनुसार वनको संरक्षण भई हराभरा भएको बताउँदै उहाँले छोराछोरी जस्ता संरक्षण गरेको वनबाट हरित रोजगार सृजना गर्नुको विकल्प नभएको बताउनुभयो । मुलुकमा हाल २२ हजार ४३३ सामुदायिक वन समूहका ३० लाख घर परिवारले २२ लाख ३७ हजार ६७० हेक्टर क्षेत्रफलमा वन व्यवस्थापन गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, सामुदायिक वन क्षेत्रको काठ कुहियर खेर जाने र विदेशबाट बार्षिक खरवौको काठ आयात गर्ने अवस्थाको अन्त्य हुनु पर्दछ ।

सामुदायिक वन उपभोक्ता महासंघ समावेशी सहभागिको अवधारणाले समाजका विपन्न, उत्पिडीतको उत्थानमा महत्वपूर्ण भूमिका पुगेको महासंघका केन्द्रीय सदस्य सुनमाया नेपालीले जानकारी दिनुभयो । महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले वनलाई उत्पादनसंग जोडनु पर्ने जोड दिँदै मानव बन्यजन्तु द्धन्द अन्त्यका लागि तीनै तहका सरकार जिम्मेवार बन्नु पर्ने आवश्यकता औल्याउनुभयो । वन समुहको विधान र कार्ययोजनाका आधारमा वन पैदावार निकाशी गर्नुपर्ने बताउँदै उहाँले दिगो वन व्यवस्थापनबाट मात्र वन क्षेत्रको संरक्षण, प्रर्द्धन र उपयोग गर्नु पर्ने आवश्यकता औल्याउनुभयो । महानगर महासंघका अध्यक्ष कमलमणी त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला अध्यक्ष विश्वनाथ लामिछाने, महानगर सचिव कृष्णकुमारी पौडेल, सदस्य रमेश विश्वकर्मा लगायतले वनलाई समृद्धिको आधार बनाउनु पर्नेमा जोड दिएका थिए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दु:खी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# गाली गलौजको राजनीति छोड

जब निर्वाचनको माहोल तात्दै जान्छ, तब प्रतिस्पर्धी पार्टीले प्रतिस्पर्धी पार्टीको धतुरो झार्ने गर्छन् । आफ्नो उमेदवारको प्रशंसा र प्रतिस्पर्धी उमेदवारका भएभरका नराम्रा कुरा गर्ने गलत अभ्यास बढ्दै गएको छ। बैशाख १० गते हुने उपनिर्वाचनमा पनि पुरानै शैली अपनाउन खोजिएको छापछिल्लो चरणमा पनि राजनीतिक दलहरू एकले अर्कालाई गाली गर्ने र आरोप लगाउने प्रतिस्पर्धा नै चलेको पाइन्छ। देशका लागि होइन, ब्यक्ति केन्द्रीत राजनीतिको असर जनमानससम्म देखिन्छ। देशको हितमा सोच्ने नेताले दलको नीति, कार्यक्रम, योजना बारे बहस गर्नुपर्छ । दलको नीति र कार्यक्रम कसरी कार्यान्वयन गरेर देश विकासमा लाग्न सकिन्छ भन्ने विश्वास जनतालाई दिनुपर्छ । अहिले नेताहरू एकअर्कालाई गाली गरेर देशको मूल मुद्दाहरूबाट भाग्न खोज्दैछन्।

राजनीतिक दलहरूले एजेन्डामा केन्द्रित राजनीति गरिदिएको भए देशको स्थितिमा धेरै सुधार भइसकेको हुन्थ्यो । एजेन्डा नै नभएको भने होइन, तर त्यो केवल घोषणापत्रमा सीमित हुन्छ। नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले एजेन्डामा बहस गर्न प्रस्ताव गरेका छन। उपचुनावमा उठेका सबै उमेदवारलाई शुभकामना दिएर एजेन्डामा छलफलका लागि गरेको प्रस्ताव राजनीतिक संस्कार बसाल्न खोजिएको छ। चुनावमा एउटा वाचा गर्ने सरकारमा पुग्छ, तब एजेन्डा बिर्सन्छ । देशको स्थिति के छ, सुधार गर्नुपर्ने कुरा के छन् भन्ने नै हराउँछ । कार्यकर्ताको सीमित घेरामा रमाएर प्रमुख दलका नेताहरूले सत्ताकेन्द्रित राजनीति गरिरहँदा यस्तो परिणति पाइएको हो । यसको एउटा परिणाम देशको वर्तमान कमजोर अर्थतन्त्र नै हो। देशको अवस्था जे भए पनि एक नेताले अर्कालाई बेस्कन गाली गर्ने प्रवृत्तिले के यी सबै समस्याको समाधान होला ? के आमनागरिक निराशाबाट आशामा उक्लन सक्लान् ? नागरिकले बुझिसके, अपजसबाट बच्न पनि दल/नेताहरू अर्को दल/नेतालाई आरोप लगाउँछन् ।

आफूले कहाँ गएर कहिले के बोलें ? र त्यसले कसलाई के असर पारेको छ ? आदिको समेत नेताहरू हेक्का राख्दैनन् । जसले गर्दा दलप्रति आमनागरिक र विशेषगरी युवा पुस्ताको दृष्टिकोण नेताप्रति नकारात्मक बन्दै जानु स्वाभाविक लाग्न थालेको छ । संस्कारगत हिसाबले हेर्दा नेता जस्तो, कार्यकर्ता त्यस्तै हुन्छन् । त्यसैले कार्यकर्ता पनि नेतृत्वले गरेको गल्तीमा खबरदारी गर्नेभन्दा को टकसको असल भक्त हुने भन्ने प्रतिस्पर्धाकै दौडमा छन्। अचम्म त के भने, नेताहरू जति आपसमा आरोप-प्रत्यारोप गर्छन्, त्यत्ति नै सत्ता र स्वार्थका लागि जुनसुकै बेला मिल्न तयार हुन्छन् । अब यसरी मुलुक चल्दैन । देशको अधोगतिलाई रोक्न बिनास्वार्थ र बिनाटकराव एक भएर समग्र विकास, समृद्धि र सुशासनमा अघि बढ्नुको विकल्प छैन । विदेशीको स्वार्थका लागि आफ्नो मातृभूमि विपक्षमा उभिने गल्ती गर्नुहुँदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नमुना पशु अस्पतालबाट चार जिल्लाका कृषक लाभान्वित

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ चैत

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँ परिसरमा निर्माणधीन 'नमुना पशु अस्पताल' बाट तनहुँसहित चार जिल्लाका कृषक लाभान्वित हुने भएका छन् ।

दमौलीमा निर्माणाधीन पशु अस्पतालबाट तनहुँसहित गोरखा, लमजुङ र नवलपरासीलगायत आसपास क्षेत्रका कृषकले सहजै सेवा पाउने भएका हुन् ।

गण्डकी प्रदेश सरकारको रू चार करोड ९० लाख लागतमा डेढ वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी इको बिल्डर्स प्रालि चितवनले ठेक्का सम्झौता गरेको थियो। आगामी पुसभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको सहरी विकास तथा भवन निर्माण एकाइ कास्कीका साइट इञ्जिनियर शिव सुनारले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म ५० प्रतिशतभन्दा बढी निर्माण भइसकेको छ।

बहुवर्षीय योजनाअन्तर्गत रू १० करोड लागतमा अस्पतालको अन्य भौतिक संरचना विस्तार गर्दै लैजाने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो । देशका ७७ जिल्लामध्ये पहिलो चरणमा कास्की र तनहुँमा पशु अस्पताल निर्माण हुन लागेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। अस्पतालको भवन निर्माणपश्चात् आधुनिक उपकरण जडानसहित दक्ष जनशक्तिले पशुपन्छीको उपचार गर्नेछन् । भवनको भुई तलामा व्यवस्थित प्रयोगशाला, भिडियो एक्स-रेका साथै प्रविधिक जनशक्तिको व्यवस्था गरिने छ । पशुमा लाग्ने महामारीजन्य रोग पहिचान गरी क्षति हुनबाट जोगाउन पशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता राखिएको उहाँले बताउनुभयो।"महामारीजन्यरोग पहिचान तथा न्यूनीकरण गर्न सकिए कम्तीमा २० प्रतिशतले पशुको क्षति कम गरी किसानको आम्दानी बढाउन सकिन्छ", श्रेष्ठले भन्नुभयो।

# पैसा बिच्छ्याएर टिकटकमा भिडियो पोष्ट गर्ने व्यक्तिलाई सचेत गराइयो

**रासस**
काठमाडौं, २३ चैत

ओछ्यानमा पैसाको नोटमाथि सुत्नेर टिकटक बनाई भिडियो पोष्ट गर्ने व्यक्तिलाई सचेत गराएर छाडिएको छ।

नेपाल राष्ट्र बैंकले यस विषयमा चासो व्यक्ति गरेको समाचार प्रकाशन पश्चात सो सम्बन्धमा खोजी अभियानमा लागेको जिल्ला प्रहरी परिसरले यसरी भिडियो बनाउने व्यक्ति महोत्तरी जिल्ला बर्दिबास-१ स्थायी घर भई हाल ललितपुरको महालक्ष्मी नगरपालिका-५ टिकाथली बस्ने सुलभ आचार्य रहेको जानकारी दिएको छ।

उनले केहीअघि एक हजार र पाँच सय दरका नोटहरू ओछ्यानमा राखी भिडियो बनाएर सार्वजनिक गरेका थिए। उनीसँग सोधपुछ गर्दा अध्ययनका लागि विदेश जाने क्रममा कलेज फि बुझाउन बैंकबाट निकालिदएको पैसा रमाइलोका लागि खाटमा बिछ्याएर भिडियो बनाएको बताएको परिसरले जनाएको छ। उनको बयानका आधारमा अनुसन्धान गर्दा उक्त रकम एभरेष्ट बैंकबाट निकालेको देखिएकोले अब उप्रान्त यस्ता प्रकारका गतिविधि नगर्ने सर्तमा निजलाई निगरानीमा रहने गरी सचेत गराई छाडिएको परिसरका प्रहरी नायब उपरीक्षक भुवनेश्वर साहले जानकारी दिनुभयो ।

# 'जनकपुरधाम मेयर कप टि-२०' क्रिकेट प्रतियोगिता सुरु

**रासस**
काठमाडौं, २३ चैत

बिहीबारदेखि यहाँ 'जनकपुरधाम मेयर कप टि-२०' क्रिकेट प्रतियोगिता सुरु भएको छ । जनकपुरधाम उपमहानगरपालिकाकोआयोजनामा सुरु भएको प्रतियोगिताको समन्वय जिल्ला क्रिकेट सङ्घ धनुषा तथा सहयोग फ्याक्ट नेपाल र एनएमबि बैंकको रहेको छ।

जनकपुरधाम-१४रजौलस्थित निर्माणाधीन राम-जानकी क्षेत्रीय अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रङ्गशालामा सुरु भएको प्रतियोगिता आगामी वैशाख १ गतेसम्म चल्ने छ । लिग प्रणालीमा खेलाइने प्रतियोगितामा मधेस प्रदेशका धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा तथा पर्साका टोलीका साथै कोशी, बागमती, लुम्बिनी र गण्डकी प्रदेशका गरी १२ टोलीको सहभागिता रहने जिल्ला क्रिकेट सङ्घले जनाएको छ।

प्रतियोगिताका विजेतालाई रु दुई लाख ५१ हजार, शिल्ड तथा प्रमाणपत्र तथा उपविजेतालाई रु एक लाख ५१ हजार, शिल्ड तथा प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगिताको उद्घाटन कार्यक्रममा नगरप्रमुख मनोजकुमार साहले अन्तरार्ष्ट्रिय रङ्गशालाको निर्माण गरी विसं २०८३ मा हुने ११औं राष्ट्रिय खेलकुदका प्रतियोगिताका कार्यक्रम जनकपुरधाममा नै हुने गरी काम गरिने बताउनुभयो । वक्ताहरूले रङ्गशालालाई मधेस प्रदेशको गौरवको योजना घोषणा गरी तीन तहका सरकारले बजेटको सुनिश्चितता गर्नुपर्नेमा जोड दिनुभएको थियो।



फेवाताल:
बिहीबार साँझ देखिएको पोखरास्थित फेवातालको दृश्य। तस्बिर : रामबहादुर थापा / रासस

# उजेली दिदीहरूको आशा: पर्यटक बढ्लान र गाउँले फर्केलान

**–वासुदेव पौडेल/कृष्ण दवाडी**
लमजुङ, २३ चैत

माछापुच्छ्रे हिमालको काखैमा ढुङ्गैढुङ्गाले छापिएको सुन्दर बस्ती छ । उक्त बस्तीमा तलबाट दैनिक धुलो उडाउँदै हुइँकिन्छन् बस र जीप। उक्त घलेल गाउँ भने सुनसान जस्तै छ। माछापुच्छ्रे गाउँपालिका-८ र ९ मा पर्ने घलेल गाउँपोखरा-बागलुङराजमार्गकोहेम्जाबाट करिब १७ किलोमिटर दूरीमा रहेको छ । पोखराको टुँडिडखेलस्थित हरिचोकबाट हेम्जाहुँदै मर्दिपुल, खानेपानी, भेडाबारी, खोरामुख, लुम्ब्रे हुँदै करिब डेढ घन्टामा घलेल गाउँ पुग्न सकिन्छ। लुम्ब्रेसम्म बाटो कालोपत्र भइसकेको छ।

गाउँमा चार सय घर भएकाले पहिला यो गाउँलाई 'चार सय घलेल' भन्ने गरिन्थ्यो । पछिल्लो समय शिक्षा, रोजगारी तथा सुविधाको खोजीमा सहर पस्नेको सङ्ख्या बढ्न थालेपछि अहिले गाउँमा २० देखि २५ प्रतिशत मानिस मात्रै बस्ने गरेका छन्। मर्दी हिमाल जाने पदमार्ग यही गाउँ भएर जाने भएकाले पर्यटकीय सम्भावना देखेर यहाँका बासिन्दाले विसं २०६७ देखि घलेल सामुदायिक होमस्टे (घरवास) सञ्चालन गर्दै आएका हुन् । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले घरवास सञ्चालनमा ल्याए पनि पर्यटकको अभावले गर्दा गाउँ पछि परेको होमस्टे (२ नं घर) की सञ्चालिका उजेली गुरुङले बताउनुभयो।

उजेली दिदीका नामले परिचित उहाँको घर गाउँको सिरानमा छ। उहाँले दुई कोठासहित चार खाट पर्यटककै लागि छुट्याउनुभएको छ। खाटमा ओछ्याइएका सिरक, डसना तथा सोफा छन्। घरको मझेरीदेखि पिँढी, आगन सफा र चिटिक्क पारिएको छ । होमस्टेमा फाट्टफुट आउने पाहुनालाई सञ्चालक समितिको व्यवस्थाअनुसार घरघरमा बाँडेर राख्ने गरिएको उजेलीले बताउनुभयो। गाउँका नौ घरमा घरवास सञ्चालन गरिएको छ। उहाँले छिमेकी ल्वाङ गाउँ र घलेलमा सँगै घरवास सञ्चालनमा आएको बताउनुभयो । "सँगै घरवास सुरु भएको ल्वाङमा पर्यटकको आवागमन बढी छ । त्यहाँ त्यस्तो चहलपहल हुँदा यहाँ भने सुनसान छ", उजेलीले गुनासो गर्नुभयो। गाउँमा अधिकांश दसवर्ष मुनिका र ४५ वर्ष माथिका नागरिक बढी छन् । युवा जनशक्तिको अभावका कारण पनि पर्यटकको आगमन बढाउन नसकिएको उहाँको भनाइ थियो।

गाउँमा आउने पर्यटकले यामअनुसार लेकतिर हुने टुसादेखि निउरो, कोदो, मकै, फापरको ढिँडो रोटी आदिको स्वाद चाख्न पाउँछन् । एकै दिनमा ५० देखि ६० जनासम्म पर्यटकलाई राख्न सकिने यहाँका घरवासमा प्याकेजमा एक रातका लागि रू एक हजारमा खाजा, खाना र बासको व्यवस्था मिलाइएको छ।

घरवासमा भित्रिएका पाहुनालाई बाजागाजाका साथ टीका र माला लगाएर स्वागत गर्दै बास बस्न घरघर पठाइन्छ। बेलुकाको बास र खाना छुट्याइएका घरमा व्यवस्था भए पनि स्थानीयवासीले पर्यटकको मागअनुसार बेलुका समाज घरमा सामूहिक विभिन्न साँस्कृतिक कार्यक्रम पनि देखाउने गर्दछन्। बिहान उठेपछि पाहुनालाई मकै, अण्डा, चियासहितको खाजा खुवाउने गरिन्छ । बिहान पर्यटक गाउँबाट झण्डै एक घण्टा ठाडो उकालो सिँढी उक्लेर महागुरु गुफा र बीचको तारे बराहसम्म हाइकिङमा जाने गर्दछन्।

महागुरु गुफा र तारे बराह यहाँको धार्मिक तीर्थस्थल रहेको स्थानीय हितकाजी गुरुङले बताउनुभयो । घलेल गाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्ने उद्देश्यका साथ गुफा तथा बराह मन्दिरलाई थप व्यवस्थित गर्न गाउँपालिका र प्रदेश सरकारले चासो दिएको उहाँको भनाइ थियो। "गुफालाई व्यवस्थित गर्न पालिकाले रू नौ लाख विनियोजन गरेको छ भने तारे बराह मन्दिरका लागि गण्डकी प्रदेश सरकारले रू १० लाख विनियोजन गरेको छ", गुरुङले भन्नुभयो । गुफा र मन्दिर निर्माण भइरहेको छ। मनले चिताएको पुग्ने तीर्थस्थलका रूपमा उक्त मन्दिरलाई लिइने उहाँले बताउनुभयो । प्रत्येक वर्ष वैशाख पूर्णिमा र दशैंमा बलिपूजासहित यहाँ पूजा गरिन्छ । बराहले गाउँ र स्थानीयवासीलाई संरक्षण गरेको जनविश्वास छ । विगतमा पानी, बत्ती, सडकलगायत आधारभूत पूर्वाधारको समस्या रहे पनि अहिले भने सबै सुविधा गाउँघरमा पुगेका छन्।

सूचना प्रविधिको बढ्दो विकाससँगै गाउँका घरमा इन्टरनेटको पहुँच पुगेको सामुदायिक होमस्टेका सचिव सुनकुमारी गुरुङले बताउनुभयो। बसाइँसराइका कारण पनि गाउँमा युवावर्ग नहुँदा पर्यटन प्रवर्द्धनमा चुनौती देखिएको उहाँको भनाइ थियो । "सँगै स्थापना भइ सञ्चालनमा आए पनि ल्वाङवासीलाई पर्यटक भित्राउन भ्याइनभ्याइ छ। यहाँको बाटोमा बस तथा जीप हेरेर टोलाउनु परेको छ", उहाँको गुनासो थियो । गाउँ छोडेर बसाइँ सर्ने क्रम कम भएमा गाउँमा प्रचारप्रसार गर्न सकिने तथा पर्यटक पनि बढदै जाने उहाँले बताउनुभयो । माछापुच्छ्रे गाउँपालिका-८ का वडाध्यक्ष राम गुरुङलेशिक्षा,रोजगारीतथासुविधाको खोजीमा सहरतिर बसाइँ सर्नेको सङ्ख्या बढ्दै गएकाले गाउँमा बालबालिका, वृद्धवृद्धा र आर्थिक अवस्था कमजोर भएका वर्ग मात्रै बसोबास गर्दै आएको बताउनुभयो। घलेल चलचित्र छायाङ्कनका लागि पनि उपयुक्त गन्तव्य हुने भन्दै उहाँले प्रचारप्रसारको अभावमा यस गाउँले विकासमा अपेक्षित फड्को मार्न सकेको छैन भन्नुभयो । गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले घलेल हुँदै दैनिक करिब चार सयदेखि पाँच सय पर्यटक मर्दी हिमाल तथा खुमै पदयात्राका लागि जाने गरेपनि उनीलाई यहाँ बसाउन नसकिएको बताउनुभयो । "मर्दी पदयात्रामा जाने पर्यटकलाई एक रात घलेलमा बस्ने वातावरण बनाउन सके यहाँको पर्यटन प्रवर्द्धन हुने थियो", उहाँले भन्नुभयो, "यसको प्रचारप्रसारसँगै गाउँलाई चलचित्र छायाङ्कनको आकर्षक गन्तव्यका रूपमा पनि विकास गर्न सकिने सम्भावना छन्।"

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२, फुस्रेखोला खेल मैदान निर्माण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : फुस्रेखोला खेल मैदान निर्माण
**उपभोक्ता समिति**: फुस्रेखोला खेल मैदान निर्माण उपभोक्ता समिति, पोखरा २२
**योजना सम्झौता मिति** : २०७९/०९/०६ गते
**योजना सुरु मिति** : २०७९/०९/०७ गते
**योजना सम्पन्न हुने मिति** : २०७९/१२/३० गते
**योजना सम्पन्न भएको मिति** : २०७९/१२/२१ गते
**महानगरपालिकाबाट** : रु. २०,००,०००/-
**जनसहभागिता** : रु.३,५२,९४१/१८
**जम्मा लागत** : रु. २३,५२,९४१/१८

**सुर्य प्रसाद पौडेल**
अध्यक्ष

**फुस्रेखोला खेल मैदान निर्माण उपभोक्ता समिति**
पोखरा-२२, कास्की

# बच्चा जन्मदर्ता मावलीका थरबाट गर्न सकिने

**रासस**
काठमाडौं, २३ चैत

एकल महिलाबाट जन्मेको र पितृत्वको ठेगाना नभएको बच्चाको जन्मदर्ता मावलीको थरबाट हुने भएको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले एक सूचना जारी गरी उक्त व्यवस्था गरिएको जनाएको हो ।

त्यस्ता बालबालिकाको जन्मदर्ताका विषयमा थप प्रष्ट पारिदिन स्थानीय तहबाट अनुरोध भइ आएकाले दोहोरो दर्ता नहुने गरी उक्त व्यवस्था गरिएको विभागका महानिर्देशक रुद्र पण्डितले राससलाई जानकारी दिनुभयो । "विवाह अघि जन्म भएको तर पितृत्व ठेगान नभएको बच्चा भएको एकल महिलाको विवाह गरी बच्चासहित पतिको ठेगानासँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गर्न सकिनेछ", विभागले भनेको छ । विभागले विवाह अघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चाको मावलीमै बसेको भए मावलीकै थर कायम गरी मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्मदर्ता गर्न सकिने जनाएको छ । माथिका दुई व्यवस्था अनुसार बच्चाको जन्मदर्ता भइसकेपछि बाबुको ठेगान पत्ता लागेको अवस्थामा सो जन्मदर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट नयाँ जन्मदर्ता गर्नुपर्ने विभागले जनाएको छ । माथिको अवस्थाबाहेक अन्य अवस्थामाराष्ट्रियपरिचयपत्रतथा पञ्जिकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली (संसोधनसहित) २०७७ र विभागको यसअघिको परिपत्र अनुसार गर्नुपर्ने भनिएको छ ।

# दोर्दी करिडोर प्रसारण लाइन सञ्चालनमा

**रासस**
लमजुङ, २३ चैत

लमजुङको दोर्दी र त्यसका सहायक नदीमा उत्पादित विद्युत् प्रवाहका लागि निर्माण गरिएको दोर्दी करिडोर एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन पूर्णरुपमा सञ्चालनमा आएको छ ।

विसं २०७८ को असारमा दोर्दी खोलामा आएको बाढीले क्षति पुऱ्याएका चार वटा टावरको पुनर्निर्माण सम्पन्न गरी बिहीबारबाट प्रसारण लाइनलाई पूर्णरुपमा सञ्चालनमा ल्याइएको छ । प्रसारण लाइन पूर्णरुपमा सञ्चालनमा आएसँगै करिब तीन सय मेगावाट विद्युत् प्रवाहका लागि पूर्वाधार तयार भएको छ । नेपाल विद्युत् प्राधिकरणले लमजुङको बेंसीसहर नगरपालिकाको उदीपुरबाट दोर्दी गाउँपालिकाको कीर्तिपुर सबस्टेसनसम्मको प्रसारण लाइन गत भदौबाट आंशिक खण्ड सञ्चालनमा ल्याएको थियो । बाढीले क्षति पुऱ्याएका टावरको पुनर्निर्माणमा केही समय लाग्ने देखिएपछि उदीपुर सबस्टेसनबाट निजी क्षेत्रले निर्माण गरेको दोर्दी खोला-१ जलविद्युत् आयोजनासम्म दोर्दी करिडोरको लाइन र त्यहाँबाट कीर्तिपुर सबस्टेसनसम्म दोर्दी खोला-१ को प्रसारण लाइन प्रयोग गरी लाइनको आंशिक खण्ड सञ्चालनमा ल्याएको थियो । वैकल्पिक व्यवस्थाका रुपमा दोर्दी खोला-१ को साढे तीन किलोमिटर प्रसारण लाइन प्रयोग गरी निजी क्षेत्रले निर्माण गरेका जलविद्युत् आयोजनाहरुको विद्युत् जोडिएको थियो । टावरको पुनर्निर्माण सम्पन्न गरी प्रसारण लाइन सञ्चालनमा आएसँगै दोर्दी खोलामा निर्माण भएका निजी क्षेत्रका सबै जलविद्युत् आयोजनाहरुको विद्युत् कीर्तिपुर सबस्टेसनमा जोडिएर दोर्दी करिडोर प्रसारण लाइनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह भएको आयोजना प्रमुख रमेश पौडेलले बताउनुभयो। प्रसारण लाइनमा २७ मेगावाटको दोर्दी खोला, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', १२ मेगावाटको दोर्दी खोला-१ र ८.६३ मेगावाटको चेपेखोला साना जलविद्युत् आयोजना जोडिएका छन् । निर्माणको अन्तिम चरणमा रहेको ५४ मेगावाटको सुपरदोर्दी 'ख' जलविद्युत्सहित त्यस करिडोरमा निर्माणाधीन र निर्माण हुने अन्य आयोजनाको विद्युत् यही लाइनमा जोडिने छ । उदीपुर सबस्टेसनको निर्माणमा केही समय लाग्ने देखिएपछि वैकल्पिक व्यवस्थामार्फत हाल सञ्चालनमा रहेको मध्यमर्स्याङ्दी विद्युत्गृहको स्वीचयार्डमा विद्युत् जोड्ने व्यवस्था गरिएको छ । यसका लागि निर्माणाधीन दुई सय २० केभी मर्स्याङ्दी करिडोरको करिब छ किलोमिटर लाइनलाई प्रयोगमा ल्याइएको छ । निर्माण अन्तिम चरणमा रहेको उदीपुर सबस्टेसन असारभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखी काम भइरहेको छ । करिब ८५ करोड रुपैयाँ अनुमानित लागत रहेको दोर्दी करिडोर प्रसारण लाइन सरकारको लगानीमा निर्माण गरिएको हो । प्रसारण लाइनको लम्बाइ १० किलोमिटर छ । आयोजनाले नै कीर्तिपुरमा एक य ३२ केभी, १० एमभिए क्षमताको सबस्टेसन निर्माण गरेको छ । विसं २०७७ मै निर्माण सम्पन्न भएको प्रसारण लाइनका चार वटा टावर २०७८ को असारमा असारमा दोर्दी खोलामा आएको बाढीले बगाइदिएको थियो । आयोजना २०७४ सालमा सुरु गरिएको थियो ।

# पर्यटकीयस्थल बन्दै 'मगर भिलेज'

**पोखरापत्र संवाददाता**
दमौली, २३ चैत

मिर्छुर्लुङ गाउँमा खोलिएको मगर भिलेज रिसोर्ट यतिबेला पर्यटकीय गन्तव्यस्थलका रूपमा विकसित हुन थालेको छ। नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका सचिव प्रताप रानामगरले सञ्चालनमा ल्याउनुभएको उक्त रिसोर्टमा दैनिकजसो आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ।

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको खैरेनीटारबाट भिमाद हुँदै मिर्छुलुङ पुगिन्छ । खैरेनीटारबाट आठ किलोमिटर भिमाद बजार र त्यहाँबाट चार किलोमिटर यात्रा गरेपछि मिर्छुलुङ गाउँ पुगेपछि मगर भिलेज रिसोर्ट भेटिन्छ । उक्त रिसोर्ट पर्यटकीय तथा अध्ययन केन्द्रका रूपमा विकास हुन थालेको सञ्चालक राना मगरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्राकृतिक वातावरण, स्थानीय संस्कृति र मगर संस्कारलाई प्रवर्द्धन गर्दै यो रिसोर्ट सञ्चालन गरिएको छ । यहाँ दिनदिनै आउने पर्यटकको सङ्ख्या बढ्दो छ ।" "मगर संस्कृतिको अध्ययनका लागि जिल्ला तथा जिल्लाबाहिरबाट विद्यार्थी, सर्वसाधारण र सहकारी सङ्घसंस्थाका टोली आउँछन् र यहाँको मनोरम दृश्य हेर्दै मोहित भएर फर्किन्छन्", सञ्चालक रानाले भन्नुभयो। गत वर्षदेखि सञ्चालनमा आएको रिसोर्टले एक वर्षमै ख्याति कमाइसकेको छ । यस रिसोर्टमा रहेको घुमाउने घर र खुर्पेटोले यहाँ पुग्ने सर्वसाधारणको ध्यान खिच्ने गरेको छ । "आजभोलि घुमाउने घर कमै मात्रामा देख्न पाइन्छ, हामीले घुमाउने घर बनाएर राखेका छौँ, घर अगाडि खुर्पेटो पनि छ," उहाँले भन्नुभयो, "घुमाउने घर र खुर्पेटोमा फोटो खिचाउन आगन्तुक लालायित हुन्छन् ।"

रिसोर्टमा ढिकी, जाँतोजस्ता पुराना सामग्री पनि राखिएको छ । अहिलेका पुस्तालाई पुरातात्विक तथा धार्मिक महत्वका सामग्रीबारे बुझाउन विभिन्न सामग्री राखिएको र अहिले त्यही हेर्न विद्यालयबाट पनि विद्यार्थी आउने गरेको सञ्चालक रानाको भनाइ थियो।

रिसोर्टमा पुगेका पाहुनालाई प्राङ्गारिक खाना खुवाउने व्यवस्था मिलाइएको छ । यहाँ विभिन्न गीतको छायाङ्कनसमेत हुने गरेको छ । "गाउँले दृश्य भिडिओमा समावेश गर्न र थुप्रै गीतको छायाङ्कन भइसकेको छ," सञ्चालक रानाले भन्नुभयो । रिसोर्टमा रहेको डुङ्गाको पिङ यहाँको अर्को आकर्षण बनेको छ । ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित यहाँ दृश्यावलोकन स्तम्भ (भ्युटावर) निर्माण गरिएको छ । देश तथा विदेशमा रहेका नेपालीहरूबाट सङ्कलन गरिएको रकमबाट उक्त स्तम्भ निर्माण गरिएको हो । मिर्छुर्लङमा जन्मेर हाल बेलायतमा रहनुभएका महेन्द्र आलेकोपरिकल्पनामादृश्यावलोकन स्तम्भ निर्माण गरिएको थियो ।

कूल रु ३८ लाख चार हजार नौ सयको लागतमा दृश्यावलोकन स्तम्भ निर्माण गरिएको बताइएको छ । मगर समुदायको कौरा र झ्याउरे गीतका साथै प्राङ्गारिक खानाको परिकार मिर्छुलुङको विशेषता हो। प्राकृतिक सौन्दर्यले भरिपूर्ण मिर्छुलुङमा झरना पनि छ । उक्त झरनामा एकपटक क्यानोनिङसमेत सञ्चालन गरिएको थियो ।

# वास्तविक किसानले पाउँदैन सुविधा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

बागलुङ अधिकांश ग्रामीण क्षेत्रमा पशुपालन गर्ने किसान छन् । उनीहरुलाई न सरकारबाट पाइने अनुदानको थाहा हुन्छ, न आधुनिक प्रविधिका बारेमा ज्ञान । तर, पनि उनीहरुले सयौं गाईभैंसी, भेडाबाख्रा पालन गर्दै आएका छन् ।

विशेषगरी जिल्लाको उच्च क्षेत्रमा सबैभन्दा बढी भेडाबाख्रा पालन हुने हुँदा यहाँका किसानको अधिकांश बसाइँ लेकमै हुनेगर्छ । निसीखोला, ढोरपाटन, तमानखोला, गलकोट तथा ताराखोलाका माथिल्लो भेगका पशुपालक किसान रैथाने जातका पशुचौपाया पाल्ने गर्छन् भने उनीहरुले परम्परागत शैलीनै अपनाएका हुन्छन् । चैतकै पहिलो सातादेखि लेक चढ्ने र असोज महिनाको सुरुमै बैंसी झर्ने उनीहरुको परम्परा हो । बैंसीमा पर्याप्त घाँसपात नहुने हुँदा गोठाला लेकमै बस्ने गर्दछन् । लेकमा बस्दा सामान्य गोठ बनाएर किसानले घाँमपानी छेक्ने र रात बिताउने गर्छन् भने भेडाबाख्रालाई खुल्ला आकाशमुनिनै राख्ने गर्छन् । जङ्गलका वन्यजन्तुले पशुचौपायालाई आक्रमण गरेर मारी दिँदा किसानले बेलाबेला लाखौं रकम नोक्सानी पनि बेर्होर्दै आएका छन् । यता सरकारलेलाई बाली तथा पशु बीमा कार्यक्रम ल्याए पनि त्यसले उनीहरुलाई छुनसकेको छैन । सौतिस वर्षदेखि भेडापाल गर्दै आउनुभएका निसीखोलाका वीरबहादुर घर्तीले अहिलेसम्म कुनै पनि निकायबाट सहयोग नपाएको सुनाउनुभयो । यस क्षेत्रमा एकै परिवारमा एक सयदेखि हजारसम्म भेडाबाख्रा पालन गर्ने गरेका हुन्छन् । हरेक वर्ष कृषि तथा पशुपालन किसानका जिल्लामा करोडौंका बजेट आए पनि वास्तविक किसान सेवा लिनबाट बिमुख बनेका छन् । एक हिसाबले धेरै किसानले अव्यवस्थित रुपमा पशुपालन गर्ने गरेको पाइन्छ । घर्तीले समय-समयमा भेडा बिरामी हुने गरेको सुनाउँदै वनमा पाइने बडिबटी कुटेर खुवाउने गरेको बताउनुभयो । अहिलेसम्म पशु अस्पतालबाट औषधि लिएर नखुवाएको उहाँको भनाइ छ । "धेरै समय वन जङ्गलमै भइन्छ, हिउँ पर्दा बैंसीतिर गइन्छ, त्यसले गर्दा भेडाबाख्रा त्यति धेरै बिरामी परेका छैनन्, पहिले-पहिले बान्ता गर्ने, खोक्ने र झोक्रिने गर्थे, अहिले त्यस्तो समस्या आएको छैन," घर्तीले भन्नुभयो । उहाँले भेडाबाख्रा बिरामी हुँदा लेकतिर पाइने गुर्जो गानो मसिनो बनाएर खुवाउनेल गरेको बताउनुभयो । "१०/१२ वर्ष पहिले होला बिरामी भएर चालिस वटा भेडाबाख्रा मरेका थिए", उहाँले भन्नुभयो । माथिल्लो क्षेत्रमा पर्याप्त चरन क्षेत्र भएको हुँदा यहाँका स्थानीयवासीले वर्षौंदेखि आफ्नो मुख्य पेसानै पशुपालन गराएका छन् । निसीखोलाको निसी, भल्कोट, मसालगाउँ, सीप तथा ढोरपाटनको बोबाङ, तमानखोलाको तमानख, खुङ्खानी र नर्जाखानीका अधिकांश स्थानीय परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन् । मुख्य पेसा नै पशुपालन भएको हुँदा अरुमा यहाँका अधिकांश स्थानीयवासीले अरु पेसालाई प्राथमिकता दिँदैनन् । स्थानीय तुलबहादुर बुढा मगरले बाउबाजेले गर्दै आएको पेसा आफूहरुले अङ्गाल्दै आएको बताउनुहुन्छ । उहाँले भेडाबाख्रा लेकमा हुँदा गोठ छेउमा राख्ने र बैंसी झर्दा बारीमा राख्ने गरेको बताउनुभयो। उहाँले भेडाबाख्रा धेरै हुने हुँदा सबैलाई गोठमा राख्न सम्भव नहुने बाउनुभयो । पहिलेको तुलनामा पछिल्लो समय भेडापालक घट्दै गएको उहाँको भनाइ छ । बुढा मगरले अहिले १४ वटा गाई, दुई सय भेडाबाख्रा र सात वटा भैंसीपालन गर्दै आउनुभएको छ । अठ्ठाइस वर्षदेखि पशुपालनमा आवद्ध भएको सुनाउने बुढा मगरले अहिलेसम्म वस्तुभाउलाई कुनै पनि रोगको खोप नलगाएको बताउनुभयो । "मान्छे बिरामी पर्दा त अस्पताल गएको छैन, अस्पतालको औषधि ल्याएर खाएको छैन, के को जनावरलाई औषधि खुवाउने ?", उहाँले भन्नुभयो, "म साठी वर्ष पुग्न लागे तर अहिलेसम्म अस्पतालमा गएको छैन, भेडाबाख्रा बेलाबेलामा बिरामी भइ मर्छन तर ओखतीमूलो गरेको छैन ।" जिल्लामा अहिले पनि धेरै किसानलाई आधुनिक प्रविधिले छुनसकेको छैन । भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङका सूचना अधिकारी केशव अधिकारीले दूरदराजका किसान तथा पशुपालकलाई आधुनिक प्रविधिसँग जोड्ने गरी काम गर्ने बताउनुभयो । अहिले बर्सेनि किसानका लागि विभिन्न कार्यक्रम आइरहेको भन्दै धेरै किसानले यहाँबाट सेवा लिइरहेको अधिकारीको भनाइ छ ।

"सबै पशुपालक किसानलाई समेट्ने प्रयास गरेका छौं, भौगोलिक हिसाबले गर्दा नजिकका सेवाग्राहीले सेवा लिनुभएको छ, टाढाबाट पनि केहीले त ल्याउनु भएको छ, केही छुट्नु भएको छ", उहाँले भन्नुभयो । उहाँले भेडीगोठ लेकमा हुने भएकाले समेट्न गाह्रो हुने भएपनि आफूहरुले प्रयास जारी राखेको बताउनुभयो । "सबैलाई समेटेर सेवालाई थप प्रभावकारी बनाउन हामीहरु निरन्तर लागि रहेका छौं", उहाँले भन्नुभयो ।

# दैनिक तीन घण्टा पैदल हिँडेर विद्यालय

**पोखरापत्र संवाददाता**
पर्वत, २३ चैत

सरकारले कुनैपनि विद्यार्थीलाई विद्यालयसम्म पुग्नका लागि आधा घण्टाभन्दा बढी पैदल हिँड्नु नपर्ने गरी विद्यालय बनाउनुपर्ने मापदण्ड तोकेको छ। तर यहाँको एक विकट गाउँमा भने विद्यार्थी विद्यालय पढ्नका लागि दैनिक तीन घण्टा भन्दाबढी पैदल हिँड्न बाध्य भएका छन् ।

पर्वतको महाशिला गाउँपालिका-४ पाखापानीका विद्यार्थी कक्षा ११ र १२ अध्ययन गर्नका लागि तीन घण्टाभन्दा बढी पैदल हिँडेर विद्यालय पुग्नुपर्ने बाधयता छ। पाखापानीमा माध्यमिक विद्यालय तीन वटा भए पनि दश जोड २ सञ्चालन भएको विद्यालय एउटा मात्र भएकाले अध्ययन गर्नका लागि टाढा जानुपरेको हो ।

लामतुनमा रहेको जनविकास मावि पुग्न पाखापानीका सिम्ले, भण्डारी थर, कोखे, चौडिल्ला लगायतका बस्तीबाट बिहान दुई घण्टा उकालो हिँडेर विद्यालय पुग्नुपर्ने बाध्यता छ। एसइईसम्मको अध्ययन स्थानीय स्वधर्म मावि र विश्वज्योति माविमा पढेपनि प्लस टु अध्ययनका लागि लामो बाटो हिँड्नु परेको कक्षा १२ मा अध्ययनरत भण्डारी थरका राहुल भण्डारीको भनाइ छ।

विद्यार्थी शिवकला क्षेत्रीले बस्तीभन्दा टाढा विद्यालय हुँदा सास्ती खेप्नु परेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "नजिकमा विद्यालय भएको भए बिहानभरी पढेर, थोरै समयमै विद्यालय पुग्न सकिन्थ्यो, तर टाढा हुँदा न त बिहान पढ्ने समयनै हुन्छ नत घरको काम गर्ने ।" विद्यालय भएको बस्ती लामतुनमा भन्दा पैदल हिँडेर जाने विद्यार्थीको सङ्ख्या उल्लेख्य रहेको वडाध्यक्ष पुरन मल्लल बताउनुभयो । "विद्यालय भएको बस्तीभन्दा टाढाका बस्ती सुगम भएकाले पनि त्यहाँ जनघनत्व बढी छ तर त्यहाँका विद्यालयमा कक्षा ११, १२ पढ्ने सुविधा छैन, त्यसैले यहाँका विद्यार्थीले निकै सास्ती पाएका छन्", मल्लले भन्नुभयो । "भीरको बाटो हुँदै विद्यालय जानुपर्ने भएकाले हावाहुरी चल्दा बालबालिकालाई उडाउने डर हुन्छ । त्यस्तै बर्षात्मा पहिरोको डरले अभिभावकलाई पिरोल्ने गर्छ", विद्यार्थी सिर्जना क्षेत्रीले भनिन्, "कहिलेकाहीँ साथी नपाउदा एक्लै जान डर लाग्छ।" बस्ती नजिकै रहेका स्वधर्म मावि र विश्वज्योति माविमा उच्च मावि नखुल्दा आफूजस्ता ५० जनाभन्दा बढी विद्यार्थीले सास्ती पाउने गरेको उहाँले गुनासो गर्नुभयो । दैनिक तीन घण्टा भन्दा बढी पैदल हिँडेर जानुपर्ने बाध्यतामा यो गाउँका ५० भन्दा बढी विद्यार्थी रहेको विद्यालयले जनाएको छ।

विद्यालयका प्राध्यानाध्यापक चक्रबहादुर क्षेत्रीले टाढाबाट आउने विद्यार्थीका लागि थोरै समय कुर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यार्थी आइसकेपछि मात्र पठनपाठन सुरु गर्ने गरेका छौँ, नजिकका विद्यार्थी चाँडो आए पनि टाढाबाट आउनेलाई केही समय पर्खने गरेका छौँ", क्षेत्रीले बताउनुभयो । वडामा यो मात्रै प्लस टु पढाउने विद्यालय भएकाले विद्यार्थीको सङ्ख्या पनि धेरै रहेको उहाँको भनाइ छ।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

**प्रकाशित मितिः २०७९/१२/२४**

यस कार्यालयको मिति २०७९/०९/१७ गतेको 'समाधान राष्ट्रिय दैनिक' पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि E–Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (Excluding V.A.T. and P.S) | कैफियत |
|---|---|---|---|---|
| 10/MRM/ NCB/WORK/ 2079/080 | Construction of Seminar Hall at Madi Rural Municipality | Everest To Sea Construction Pvt. Ltd. Pokhara–14, Kaski, Nepal | NRs.18,92,534.62/– | |

प्रमुख प्रशासकिय अधिकृत